**यहि मिति २०८३ भदौ महिनाको १६ गते बसेको तेस्रो कार्यपालिका बैठकको निणर्यहरु:-**

१. यस गाउँपालिका गाउँकार्यपालिकाको निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल र समीक्षा गरियो ।

२. सम्वत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदि तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठुलो धनजनको क्षतिप्रति गहिरो दुख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरीयो ।

३. यस विपद्‌बाट भएको ठुलो जनधनको क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा महाभारत गाँउपालिकाको तर्फबाट श्रेणीविहिन कर्मचारी तथा विद्यालय कर्मचारीहरूको तर्फबाट सुरू तलबस्केलको २ दिन र सम्पूर्ण जनप्रतिनिधि तथा माथिल्लोस्तरका कर्मचारी तथा शिक्षकहरूको ५ दिन बराबरको तलब/पारिश्रमिक रकम २०८३ भदौ महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैविप्रकोप उद्दार कोषको खातामा जम्मा गर्ने निर्णय गरीयो।

४. महाभारत गाँउपालिकाको आ व २०८३।०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको गाँउपालिका प्रशासकीय भवन घेरबार तथा ल्याण्डस्केपिङ शिर्षकमा विनियोजन भएको रकम रू ५० लाख बजेट विनियोजन भएको तर सो कार्यको लागत अनुमान रू ८०,९२,३६१.७८। (अक्षेरुपी असी लाख बयानब्बे हजार तीन सय एकसठ्ठी रूपैया पैसा अठत्तर मात्र) तयार भए बमोजिम आवश्यक पर्ने थप रकम रू ३०,९२,३६१.७८ (अक्षेरूपी तीस लाख बयानब्बे हजार तीन सय एकसठ्ठ रूपैया पैसा अठत्तर मात्र) बजेट तथा स्रोत सुनिश्चित गरी खरिद प्रक्रिया अगाडि बढाउने भनी पूर्वाधार विकास शाखाको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

५. महाभारत गाउँपालिकाको आ व २०८३।०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको संघीय समपुरक अनुदान र संघीय विशेष अनुदान अन्तरगतका देहायका आयोजनाहरूलाई महाभारत गाउँपालिकाको सार्वजनिक नियमावली २०७९ को नियम १५ को उपनियम (१) को खण्ड (ग) बमोजिम देहायको लागत अनुमान स्वीकृत गर्ने भनी पूर्वाधार विकास शाखाको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

काञ्छामान जिम्बा

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

| क्र स | आयोजनाको नाम | कार्यक्रम | लागत अनुमान |
|---|---|---|---|
| १ | तीनखुट्टे सर्दुङ बुढाखानी सडक (सर्दुङ बुढाखानी सडक खण्ड) | संघीय समपुरक | ६,९९,९९,३७६। |
| २ | कलोन मजुवा खान्द्रुके कोल्टार घमाइलो सेपाइलो राइभञ्ज्याङ खानेपानी आयोजना | संघीय विशेष | २,९९,९९,६३१.२९ । |

..............
०८३।०५।१६
कान्छामान जिम्बा
प्रवक्ता

कान्छामान जिम्बा
प्रवक्ता

CamScanner